**पृष्ठभूमि** :

नेपाल एक अल्पविकसित देश हो । नेपालको मानव विकास सूचाङ्क अत्यन्त कमजोर छ । उच्च मातृ मृत्युदर, उच्च शिशु मृत्युदर, कम औसत आयुदर जस्ता स्वास्थ्य सूचांङ्कहरु लज्जाजनक रहेका छन् । अज्ञानता, अशिक्षा, कुपोषण, खडेरी, भोकमरी, अशान्ति, अन्धविश्वास, श्रोतको अभाव र कमजोर वितरण प्रणालीको कारणले जनताको स्वास्थ्यको अवस्था दयनीय छ ।

यसै परिप्रेक्ष्यमा आफ्नो जीवनको ५० वर्ष लगातार नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि जीवन उत्सर्ग गर्नुभएका श्रद्धेय नेता स्व.मनमोहन अधिकारीका योगदानलाई चिरस्थायी बनाउन का.म.पा.-२९, ठमेलमा घर भाडामा लिई २०६३ सालमा १०० शय्याको "**मनमोहन मेमोरियल सामुदायिक अस्पताल**" स्थापना भै स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।



भाडामा सञ्चालित मनमोहन मेमोरियल सामुदायिक अस्पतालको भवन, ठमेल

अस्पतालका धेरैजसो शुल्कहरु सरकारी अस्पताल सरह सहुलियत दरका छन् । "**सबैका लागि अस्पताल**" भन्ने नाराकासाथ स्थापित यो मुनाफारहित अस्पतालले निम्न आय भएका गरिब र मध्यम वर्गीय जनताहरुलाई सुलभ स्वास्थ्य सुविधा दिने उद्देश्य राखेको छ ।

अस्पताललाई दिगो बनाई भरपर्दो स्वास्थ्य सुविधा प्रदान गर्न र स्वास्थ्य सम्बन्धी शैक्षिक क्षेत्रको प्रगतिका लागि ललितपुर उपमहानगरपालिका वडा नं ४ नख्खु बजारमा भवन खरिद गरी स्वास्थ्य क्षेत्रका प्रमाण पत्र तहदेखि स्नातक तहसम्म ७ वटा कोर्षहरु सञ्चालन गरिएको छ । आफ्नै जमिनमा ७०० शय्याको अस्पताल भवन बनाउन का.म.पा.-१५, स्वयम्भुमा २२.५ रोपनी जमिन खरिद गरि सकिएको छ र सो स्थानमा भवन निर्माण गर्न नक्सा तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

श्रद्धेय नेता मनमोहन अधिकारीकै नाममा स्थापित भएकै कारणले होला मेचीदेखि महाकालीसम्मका मनमोहन अधिकारीलाई श्रद्धा गर्ने व्यक्तिहरु उपचारका लागि काठमाडौं आइपुग्दा मनमोहन अस्पतालले उपचार सेवा दिने मौका पाएको छ ।

अस्पतालले ईमर्जेन्सी, मुटु, हाडजोर्नी, आँखा, नाक, कान, घाँटी, स्त्रीरोग, क्यान्सर, न्यूरो, दन्त चिकित्सा, बालरोग आदि सहितका विशेषज्ञ सेवा प्रदान गर्दैआइरहेको छ ।

**सबैका लागि अस्पताल** :

अस्पताल सञ्चालन भएको ३ वर्षमा यस अस्पतालले ३ करोडभन्दा बढी रकम गरिब, विपन्न, दलित र बृद्धहरुलाई उपचार सेवामा छुट गरी सहयोग प्रदान गरिसकेको छ । अस्पतालले देशका विभिन्न दुर्गम स्थानहरु क्रमशः हुम्ला, दैलेख, सिन्धुपाल्चोक, धादिङ्ग, नुवाकोट, पर्वत र गोरखा लगायतका विभिन्न स्थानहरुमा समेत स्वास्थ्य शिविर सञ्चालन गरि स्वास्थ्य सेवा प्रदान गरि सकेको छ । भविष्यका दिनमा पनि स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्य जारी रहनेछ र देशको विभिन्न ग्रामीण भेगमा सञ्चालित स्वास्थ्य केन्द्रहरुमा अस्पतालको तर्फबाट विशेषज्ञ सेवा प्रदान गरिने लक्ष्य रहेको छ ।

**महायज्ञको आयोजना किन ?**

०६३ जेठ १ गते देखि १०० शयाको **मनमोहन मेमोरियल सामुदायिक अस्पताल** स्थापना गरि यसलाई दिगो बनाउन नर्सिङ्ग लगायत स्वास्थ्य क्षेत्रका विभिन्न विषय अध्यापन गराई स्वास्थ्य सम्बन्धी जनशक्ति तयार पार्ने कार्य पनि थालनी भयो । यसै बीचमा मेडिकल कलेज सञ्चालन गर्न नेपाल सरकार शिक्षा मन्त्रालयबाट मनसाय पत्र (Letter of Intent) प्राप्त गऱ्यो । मनमोहनका योगदानलाई देशभर नै जनतामाझ पुऱ्याउन हालै "**मनमोहन मेमोरियल विश्व विद्यालय**" स्थापना गर्ने लक्ष्य लिई सो को विधान तयार गर्ने र आवश्यक जमिन खोज्ने कार्य द्रुत गतिमा भैरहेको छ । मेडिकल कलेज स्थापना गर्न १०० रोपनी जमिन अनिवार्य हुने, सो का लागि सुविधा सम्पन्न अस्पताल भवन बन्नुपर्ने र अस्पताल भवन मात्र बनाउनका लागि ६२ करोड भन्दा बढी खर्च हुने स्थितिलाई ध्यानमा राखि अस्पताल भवन निर्माण गर्न जन-सहयोग उठाउने लक्ष्य लिई महायज्ञ सञ्चालन गर्ने सोचाई बनिरहेकै बेला आदरणीय पण्डित **दीनबन्धु पोखरेलज्यू**ले का.म.पा.-१५,स्वयम्भूस्थित हाम्रो कार्यालयमा आएर महायज्ञ सम्पन्न गर्न प्रतिबद्धता जाहेर गरेपछि यस महायज्ञको आयोजना गरिएको छ ।

२०५२ साल देखि १० बर्षसम्म देश भिषण द्वन्दको चपेटामा परेको, जुन द्वन्द्वमा परेर नेपाली आमाका १३,००० भन्दा बढी सन्तानहरुले ज्यान गुमाएका, हजारौं बेपत्ता भएका, अङ्गभङ्ग भएका, लाखौं परिवार विस्थापित र बेघरबार भई अत्यन्त दर्दनाक स्थितिबाट गुज्रँदै शान्तिको स्वास फेर्न लागेको हो कि भन्ने स्थिति देखापरेको यस घडिमा पुनः देशमा विगतमा जस्तै द्वन्द्व नचर्कियोस्, आफ्नै जन्मभूमि भित्र विस्थापित भएर बिचल्लीमा पर्न नपरोस्, नेपाली नेपालीमा आपसी सद्भाव, मित्रता कायम होस् र मुलुकमा दिगो शान्ति तथा स्थायित्व होस् भन्ने लक्ष्यका साथ यो महायज्ञ आयोजना गरिएको हो ।

**महायज्ञबाट कम्तिमा १ अरब उठाउने लक्ष्य लिईएको छ ।**

**महायज्ञबाट प्राप्त रकमले के गरिन्छ ?**

१. महायज्ञमा उठेको रकम मध्येबाट ७०० शय्याको **मनमोहन मेमोरियल सामुदायिक अस्पताल** स्थापना गरिनेछ र ५ विकास क्षेत्रमा कम्तिमा १५ शय्याको १/१ वटा मनमोहन मेमोरियल सामुदायिक अस्पताल सञ्चालन गरिनेछ र आवश्यकता अनुसार ५ वर्ष भित्रमा सो अस्पताललाई ५० शय्याको बनाउने लक्ष लिईएको छ ।
२. ५ विकास क्षेत्रबाट सोही क्षेत्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई एम.बि.बि.एस. पढाउन छात्रवृत्ति प्रदान गरिनेछ र अध्ययन पछि ती विद्यार्थीहरुलाई सोही स्थानमा काममा लगाइने लक्ष्य लिईएको छ ।
३. ७५ वटै जिल्लामा रु. ५ लाखको "**मनमोहन स्मृति स्वास्थ्य कोष**" खडा गरिनेछ ।
४. रु. ५० लाखको "**पत्रकार उपचार अक्षयकोष**" खडा गरिनेछ ।
५. रु. ५० लाखको "**मजदुर उपचार अक्षयकोष**" खडा गरिनेछ



*नख्खु स्थित मनमोहन मेमोरियल ईन्स्टिच्युट अफ् हेल्थ साईन्सेसको आफ्नो भवन*



*प्रस्तावित अस्पताल भवन*

६. ५ वर्ष मुनिका बालबालिकाहरुलाई चिकित्सकद्वारा निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।

७. जेष्ठ नागरिकहरुलाई निःशुल्क स्वास्थ्य उपचार सेवा उपलब्ध गराइनेछ र निजहरुको लागि १५ शय्या निःशुल्क उपलब्ध गराइनेछ ।

**महायज्ञमा दान गर्नेहरुलाई कस्तो सम्मान दिइन्छ?**

- रु. १ देखि २०० सम्म चन्दा बाकसमा खसालिदिने ।
- रु. २०१ देखि २,००० सम्म दान गर्नेलाई रसिद दिइने ।
- रु. २,००१ देखि ५,००० सम्म दान गर्नेलाई रसिद र प्रमाणपत्रबाट सम्मान गरिनेछ ।
- रु.५,००१ देखि १५,००० सम्मलाई माथिको सम्मान सहित मनमोहन लेखिएको दोसल्लाबाट सम्मान गरिनेछ ।
- रु. १५,००१ देखि ३०,००० सम्मलाई माथिको सम्मान सहित चौसल्लाबाट सम्मान गरिनेछ ।
- रु. ३०,००१ देखि रु.५०,००० सम्म दान गर्नेलाई माथिको सम्मान सहित धार्मिक समुदायको दाता बमोजिम गणेश तथा बुद्धको मूर्ति प्रदान गरिनेछ ।
- रु. ५०,००१ देखि १,००,००० सम्म दान गर्नेलाई माथिको सम्मान सहित चाँदीको फ्रेम सहितको प्रमाणपत्र र वर्षको २ पटक निःशुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।
- रु. १ लाख १ देखि ३ लाख सम्म दान गर्नेलाई माथिको सम्मान सहित शिलापत्रमा नाम लेखिनेछ ।
- रु. ३ लाख १ देखि ५ लाखसम्म नगद वा सो मूल्य बराबरको भूमिदान गर्नेलाई माथिका सम्पूर्ण सम्मान सहित दाताबाट प्राप्त मूल्य बराबरको उपकरणमा नामाकरण गरिने र एक जनाको फोटो राखिनेछ ।
- रु. ५ लाख १ देखि १० लाख नगद वा सो मूल्य बराबरको भूमिदान गर्नेलाई माथिका सम्पूर्ण सम्मान सहित यस अस्पतालमा श्रीमान् र श्रीमतीको तस्वीर राखिनेछ र निजहरुलाई सोही दिनको कार्यक्रममा प्रमुख अतिथिको आसन ग्रहण गराइनेछ ।
- रु. १० लाख १ देखि २० लाख नगद वा सो मूल्य बराबरको भूमिदान गर्नेलाई माथिका सबै सम्मान र सुविधा सहित स्वर्ण अङ्कित प्रमाणपत्र सहित मानार्थ सदस्यता प्रदान गरिनेछ ।
- रु. २० लाख १ देखि ५० लाख नगद वा सो मूल्य बराबरको भूमिदान गर्नेलाई माथिका सम्पूर्ण सम्मान र सुविधा सहित अस्पतालको एक कोठा दाताको नाममा नामाकरण गरिनेछ ।
- रु. ५० लाख १ देखि १ करोडसम्म नगद वा सो मूल्य बराबर भूमिदान गर्नेलाई माथिका सम्पूर्ण सम्मान सहित अस्पतालको एक वार्ड दाताको नाममा नामाकरण गरिनेछ ।
- रु. १ करोड १ देखि २ करोडसम्म नगद वा सो मूल्य बराबरको भूमिदान गर्नेलाई माथिका सम्पूर्ण सम्मान सहित अस्पतालको कुनै एक युनिट दाताको नाममा नामाकरण गरिनेछ ।
- रु.२ करोड १ देखि रु. ६ करोड नगद वा सो मूल्य बराबरको भूमिदान गर्नेलाई माथिका सम्पूर्ण सम्मान सहित अस्पतालको कुनै एक विभाग दाताको नाममा नामाकरण गरिनेछ ।
- रु. ६ करोड १ देखि माथि नगद वा सो मूल्य बराबरको भूमिदान गर्नेलाई माथिका सम्पूर्ण सम्मान सहित विश्व विद्यालयको एउटा विभाग दाताको नाममा नामाकरण गरिनेछ ।

**महायज्ञको विस्तृत कार्यक्रमः**

**मिति : २०६६ साल कार्तिक १४ गते**

बिहान : ९ बजे शोभाकलश यात्रा ।

दिउसो : २ बजे उद्घाटन ।

बेलुका : ५ बजे पूर्वाङ्ग ।

**२०६६ साल कार्तिक १५ गते देखि २२ गतेसम्म हुने दैनिक कार्यक्रम**

१. **नित्यपुजा** : *बिहान ७ देखि ८ बजेसम्म*
२. **संगीतमय कथा प्रवचन** : *बिहान ८ देखि १२ बजेसम्म*
३. **नृत्य प्रस्तुति (मध्यान्तर प्रसाद वितरण)** : *१२ देखि १ बजेसम्म*
४. **संगीतमय कथा प्रवचन** : *अपरान्ह १ देखि ५ बजेसम्म*
५. **पुष्पाञ्जलि आरती, फूलप्रसाद वितरण** : *बेलुका ५ बजेदेखि ६ बजे सम्म*
६. **भजनकीर्तन** : *बेलुका ६ बजेदेखि*
७. **दाताहरुलाई हरेक दिन उचित सम्मान कार्यक्रम ।**

**आयोजक**

**श्रीमद्भागवत् ज्ञान महायज्ञ मूल तयारी समिति**

मनमोहन मेमोरियल सामुदायिक अस्पताल
पो.ब.नं. १५२०१, का.म.न.पा.-१५, स्वयम्भू
फोन : ४२७१८९८, ४२८६१३१, फ्याक्स : ४२८६०७४
ईमेल : nehconepal62@gmail.com
वेवसाइड : mmchospital.org/nehco.org

*तन, मन र धन लगाई पूण्य आर्जन गरौं ।*
*"सबैका लागि अस्पताल" निर्माण गर्ने कार्यमा सहयोग गरौं ।*

*"सबैका लागि अस्पताल"*

*सहकारीको सिद्धान्तमा आधारित मुनाफारहित*

## *मनमोहन मेमोरियल सामुदायिक अस्पताल*



३३ कोटी देवताको वासस्थल, ऋषिमुनिहरुको तपोभूमि पवित्र हिमालयको काखमा अवस्थित शिव पार्वती र गौतम बुद्धको जन्मस्थल नेपाल भूमिकै सबभन्दा ठूलो महायज्ञमा सहभागी भएर दिगो शान्तिको लागि कामना गरौं । श्रद्धेय नेता मनमोहन अधिकारीको स्मृतिलाई चिरस्थायी बनाउन अस्पताल बनाउने पवित्र काममा दान गरेर पुण्य कमाऔं । समस्त श्रद्धालु भक्तजनहरुलाई यस पवित्र महायज्ञमा सहभागी हुन र आफन्तहरुलाई सहभागी गराई आ-आफ्नो स्थानबाट महायज्ञ सफल बनाउनका लागि सक्रिय भूमिका निभाउन हार्दिक अनुरोध गर्दछौं ।

यस महायज्ञको प्रमुख वाचक वाचन प्रवीण पं. श्री दीनबन्धु पोखरेलज्यू हुनुहुनेछ ।

कार्यक्रम :

**मिति : २०६६ कार्तिक १४-२२ गते सम्म**
**समय : बिहान ७ बजे देखि बेलुका ६ बजेसम्म**
**स्थान : मनमोहन मेमोरियल सामुदायिक अस्पताल भवन निर्माण स्थल**
**का.म.पा.-१५, स्वयम्भू काठमाण्डौ**

**राजेन्द्रप्रसाद पाण्डे**
**अध्यक्ष**
**मनमोहन मेमोरियल सामुदायिक अस्पताल**

*"सबैका लागि अस्पताल, मुनाफारहित अस्पताल"*